# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल


पत्र संख्या :- ०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०२/२७

## सूचना ! सूचना !! सूचना !!!

**विषय : आगामी आ.व. २०८२/२०८३ को प्रस्तावित कार्यक्रम पेश गर्ने सम्बन्धमा ।**

श्री भीमेश्वर नगरपालिका कार्यक्षेत्र हुने गैरसरकारी संघसस्था सबै ।

उपरोक्त सम्बन्धमा यस भीमेश्वर नगरक्षेत्रभित्र सञ्चालित सबै गैरसरकारी संघसंस्थाहरुले नेपालको सविधान (२०७२)को धारा ५१ को ञ (१४) बमोजिम सामुदायिक तथा राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउदै त्यस्ता संस्थाहरुको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्धार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरुलाई संलग्न गराउने व्यवस्था भएको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ को उपदफा २ को खण्ड (ख) बमोजिम आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको बार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउनुपर्ने व्यवस्था भए बमोजिम तहाँ संघ संस्थाबाट आगामी आ.व. २०८२/२०८३ मा भीमेश्वर नगरपालिका संगको सहकार्यमा यस नगरपालिकाभित्र सञ्चालन हुने योजना, कार्यक्रम तथा बजेट विवरणका अतिरिक्त देहायका कागजातहरु समेत संलग्न गरी मिति २०८२/३/४ गतेभित्र अनिवार्य रुपमा यस नगरपालिकामा **पेश गर्नुहुन जानकारी गराईन्छ ।** सूचना प्रकाशन पश्चात कार्यक्रम पेश हुन नआउने गैरसरकारी संघ संस्थाहरुलाई भीमेश्वर नगरपालिका क्षेत्रभित्र योजना तथा कार्यक्रम सञ्चालन गर्न अनुमति, स्वीकृति, सहमती, सिफारीस वा कार्यसम्पन्न प्रमाण पत्र उपलब्ध नगराई ब्यहोरा समेत यसै सूचना द्धारा सुचित गरिन्छ ।

तपसिल

१) संस्थाको आधिकारिक निवेदन पत्र

२) नवीकरण सहितको संस्था दर्ता प्रमाण पत्रको छाँयाप्रति ।

३) संस्थाको आ.व. २०८०/२०८१ सम्मको करचुक्ता प्रमाण पत्रको छाँयाप्रति ।

४) संस्थाको आ.व. २०८०/२०८१ सम्मको लेखापरीषण प्रतिवेदन प्रमाणको छाँयाप्रति ।

५) संस्थाको आ.व. २०८२/२०८३ प्रस्तावित योजना, कार्यक्रम तथा बजेट ।

६) समाज कल्याणमा आवद्धता भएको भएमा आवद्धतापत्रको छाँयाप्रति ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत



ईमेल : info@bhimeshwormun.gov.np वेवसाइट: www.bhimeshwormun.gov.np फोन नं. ०४९-४२११००, ४२१४९१